## बजेट तथा कार्यक्रम तर्जुमा समिति संयोजक
## एवं गाउँपालिका उपाध्यक्ष राजकला सार्कीले
## गाउँसभा समक्ष प्रस्तुत गर्नुभएको




# आर्थिक वर्ष २०८०।८१ को बजेट वक्तव्य

**हिमाली गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**धुलाचौर, बाजुरा**

**सुदूरपश्चिम प्रदेश, नेपाल**

**दशौं गाउँ सभाका एवम् गाउँपालिका अध्यक्ष ज्यू,**

प्रमुख प्रशासकीय अधिकृतज्यू, सभा सदस्यज्यू, सम्पूर्ण राष्ट्रसेवक कर्मचारी मित्रहरु, विभिन्न स्थानीय व्यक्तित्व, सञ्चारकर्मी, सुरक्षाकर्मी लगायत सम्पूर्ण महानुभावहरुलाई हिमाली गाउँपालिकाको बाह्रौ गाउँ सभा तथा सातौं बजेट तथा कार्यक्रम प्रस्तुत समारोहमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले व्यवस्था गरेको कानूनी व्यवस्था अनुसार बजेट एवं कार्यक्रम तर्जुमा समिति संयोजकको हैंसियतले यस गरिमामय सभामा आर्थिक वर्ष २०८०/०८१ को बार्षिक बजेट तथा कार्यक्रम (आय व्यय विवरण सहितको) पेश गर्न गईरहेको छु । भुकम्प तथा बाडीपहिरो पिडित नागरिकहरुको प्रभावलाई न्यूनिकरण गर्दै गाउँवासीको स्वास्थ्यलाई प्रभावकारी रुपमा संरक्षण गर्न र गाउँवासीको जनजीवनलाई सामान्य अवस्थामा ल्याई स्वास्थ्य सुरक्षा र विकासलाई संग-संगै सम्वोधन गर्नुपर्ने चुनौतीपूर्ण एवं कठिन परिस्थितिको वीचमा आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम प्रस्तुत गर्दै रहदा मैले जिम्मेवारी बोध गर्दै आर्थिक वर्षको बजेट तथा कार्यक्रम सम्मानीत सभा समक्ष पेश गर्ने अनुमती चाहान्छु ।

१. भौगोलिक, प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक एवं पर्यटकीय महत्वका दृष्टिले अत्यन्त प्रवल सम्भावना भएको गाउँपालिका भएर पनि द्रुत विकासको लागि हाम्रा सामु केही चुनौतीहरु पनि छन् । विकासको क्रममा पछाडी परेका वर्ग तथा समुदायलाई विकासको मूल प्रवाहमा ल्याउने, उत्पादनशील क्षेत्रमा लगानी अभिबृद्धि गरी आर्थिक गतिविधिहरुको माध्यमद्वारा रोजगारी विस्तार गर्ने, कृषि क्षेत्रको व्यवसायिकीकरण र आधुनिकिकरण गर्ने, सुशासन प्रर्वद्धन गरी सेवा प्रवाहमा प्रभावकारीता कायम गर्ने, पर्यटन विकासबाट प्राप्त लाभ लिई सवै क्षेत्रसम्म पुऱ्याउने, वन जंगलको संरक्षण गर्दै वातावरणीय सन्तुलनलाई कायम राख्ने, भौतिक पूर्वाधारको विकासमा लगानी वृद्धि गर्ने तथा सामाजिक विकासलाई संस्थागत गरी अपेक्षित विकासको प्रतिफल हासिल गर्ने एवं आन्तरिक आयको दायरालाई फराकिलो बनाउने र आन्तरिक व्यवस्थापनलाई सुशासनमैत्री बनाई संस्थागत सुदृढिकरण गर्ने तथा संविधानको अनुसुची (८) मा भए वमोजिमका कानुन निर्माण तथा कार्यान्वयन गरी आत्मनिर्भर उन्मुख हुनुपर्ने समग्र चुनौतीहरु हाम्रो सामु रहेका छन् ।

२. राज्यको निर्देशक सिद्धान्त, संघिय आर्थिक नीति, प्रादेशिक नीति र दिगो विकासका लक्ष्य, पन्ध्रौं आवधिक योजना को लक्ष्य, प्रादेशीक आवधिक योजनाका लक्ष्य प्राप्ति एवं स्थानीय सरकारको नीति र कार्यक्रमलाई कार्यन्वयन गर्ने गरी बजेट तर्जुमा गरेका छौं । मैले यस सम्मानित सभामा मिति २०८० आषाढ १० गते प्रस्तुत गरेको विनियोजन विधेयक, २०८० का सिद्धान्त र प्राथमिक्ता तथा गाउँ कार्यपालिका र गाउँसभाका सदस्यहरु विभिन्न क्षेत्रबाट प्रत्यक्ष, अप्रत्यक्ष रुपमा सुझाव समेतलाई बजेट तर्जुमाको मुल आधार बनाएको छु ।

३. बजेट तर्जुमा गर्दा मैले स्थानिय सरकारको अधिकार सूची, केन्द्र सरकारको निति तथा कार्यक्रम, प्रदेश सरकारको निति तथा कार्यक्रमलाई ध्यान दिई तिव्र, उच्च, फराकिलो र समावेशी आर्थिक वृद्धि हुने गरी लगानी केन्द्रीत गर्न खोजेको छु ।

४. स्थानीय जनअपेक्षा र आदरणीय सभाका सदस्यहरुको विकास प्रतिको तिव्र अपेक्षाको सम्बोधन गर्न ठुलो आकारको वजेटको आवश्यकता पर्ने देखिन्छ । हामी संघियता कार्यान्वयनको चरणमा रहेको हुँदा गाउँपालिकाले प्राप्त गर्ने स्रोत र साधन, खर्च गर्न सक्ने क्षमताका आधारमा यो वजेट तर्जुमा गरेको छु ।

५. गाउँपालिकाको आर्थिक विकासका लागि कानुन तर्जुमा, भौतिक संरचनाको निर्माण र व्यवस्थापन, आन्तरीक स्रोतको परिचालन, उत्पादन र उत्पादकत्व वृद्धि, आयोजनाको प्राथमिकिकरण र कार्यान्वयन, सार्वजनिक निर्माणमा गुणस्तरीयता र सुशासन प्रवर्द्धन, विकटता अशिक्षा वेरोजगारीसँगै हालका भुकम्प, बाढिपहिरो साथै महामारी जन्य प्रकोपले सृर्जित चरम गरिवि लाई न्युनिकरण गरी रोजगारीमुलक वनाउने हाम्रा प्रमुख चुनौति रहेका छन् । जहाँ समस्या त्यहाँ समाधान भने जस्तै यी चुनौतीलाई अवसरको रुपमा परिणत गर्न यो वजेट पक्कै पनि उपलब्धीमुलक हुने अपेक्षा समेत गरेकोछु ।

६. **आर्थिक वर्ष २०८०।०८१ को बजेटका उद्देश्यहरु देहाय वमोजिम रहेका छन् :**

- सडक, पुल, विद्यालय, विद्युत,ऊर्जा, स्वास्थ्य संरचना, सिचाई, खानेपानी, औद्योगिकिरण लगायतका संरचना तथा भौतिक पुर्वाधार को सन्तुलित विकासमा जोड दिने,
- पर्यटन, कृषि, पशु घरेलु उद्यम जस्ता उत्पादनशिल क्षेत्रको लगानीवाट उत्पादन र उत्पादकत्व वृद्धि गरी स्वरोजगार सिर्जना गर्ने,
- प्रधानमन्त्री रोजगार र युवा स्वरोजगार कार्यक्रम को माध्यमबाट रोजगारी सिर्जना गर्ने,
- गुणस्तरीय शिक्षा र स्वास्थ्यमा जोड दिने,
- जडिबुटी संकलन, उत्पादन, व्यावसायिक र बजारीकरणमा जोड दिने,
- महामारी तथा विपत् जोखीम न्युनिकरण गर्ने राष्ट्रिय अभियानमा गाउँपालिकाको तर्फबाट सोही वमोजिम कार्य गर्ने गरी सवै प्रकारका गतिविधि सञ्चालनमा जोड दिने ।

७. **"स्वास्थ्य, शिक्षा, कृषि, जडिवुटी, पर्यटन, जलस्रोत र पूर्वाधार, औद्योगिकरण, सुशासन र गरिवी निवारण समृद्ध हिमालीको आधार"**

भन्ने नारालाई आत्मसाथ गर्दै आर्थिक वर्ष २०८०/०८१ को वजेटमा देहायका क्षेत्रमा लगानीलाई उच्च प्राथमिकता दिएको छु ।

भौतिक पुर्वाधार (गाउँपालिका भवन, विद्यालय भवन, स्वास्थ्य चौकी भवन, सडक संरचना निर्माण, औद्योगिक ग्राम, पर्यटन पदमार्ग निर्माण,लिफ्ट खानेपानी, सार्वजनिक शौचालय स्तर उन्नती, लगाएत)

- कृषि क्षेत्रको आधुनिकीकरण, व्यवसायिकरण र यान्त्रीकीकरण,
- शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाई जस्ता क्षेत्रमा लगानी,
- पर्यटन पुर्वाधारको विकास र प्रवर्द्धन,
- उर्जाको विकास र विस्तार तथा विद्युतिकरण अध्यन,
- जडिबुटी, संकलन, उत्पादन, व्यवसायिकिरण, र बजारीकिकरण,
- घरेलु उद्यम विकास,
- जलस्रोतको विकास र सिंचाई,
- खेलकुद पुर्वाधारको विकास,
- मानव संसाधन विकास, लक्षीत बर्ग हितमुलक कार्यक्रमहरु,
- वन तथा वातावरण, वृक्षारोपण
- विपद तथा प्रकोप व्यबस्थापन र वेरोजगारी समस्या समाधान
- सामाजीक सुरक्षा र सामाजीक संरक्षण

**अव म क्षेत्रगत रुपमा आर्थिक वर्ष २०८०/०८१ को बजेट र कार्यक्रम प्रस्तुत गर्न अनुमती चाहान्छु ।**

१) कृषकहरुलाई आत्मनिर्भर गर्नका लागि कृषिक्षेत्र तथा पशुपन्छी क्षेत्रका कार्यक्रमहरु संचालन गर्नका लागि २० लाख बजेटको व्यवस्था गरेको छु ।
क) कृषि प्रबर्द्धन कार्यक्रम तर्फ रु. १० लाख
ख) पशु प्रबर्द्धन कार्यक्रम तर्फ रु. १० लाख

२) **"आजको लगानी बोट, भोलिको प्रतिफल नोट, एक व्यक्ति पाँच रुख अनिवार्य लगाऔं, फलफुल बेची गरिवी भगाऔं"** भन्ने नाराका साथ यस हिमाली गाउँपालिकाले संचालन गर्दै आएको खाद्य सुरक्षाका लागि वृक्षारोपण कार्यक्रमलाई निरन्तरता दिदैं फलफुल तथा अन्य विरुवा संरक्षरण गरे वाफत प्रोत्साहन स्वरुप खाद्यान्न वितरणको लागि रु. १ करोड बजेट विनियोजन गरेको छु ।

३) कृषकहरुले उत्पादन गरेका फलफूलहरु र अन्य नगदेबालीहरुको भण्डारण गर्ने र उचित मूल्य प्राप्त हुने समयमा बजारमा निर्यात गर्ने गरि कृषि शित गृह ( कोल्ड स्टोर) लगायतका संरचना निर्माण कार्य सम्पन्न गर्नको लागि प्रदेश विषेश अन्तरगत र हिमाली गाउँपालिकाबाट गरी ७० लाख विनियोजन गरेको छु ।

४) हिमाली गाउँपालिकामा संचालनमा रहेको प्रधानमन्त्री तथा कृषि आधुनिकिकरण परियोजना अन्तरगत सशर्त कार्यक्रमबाट कृषि पकेट क्षेत्रको विकास कार्यक्रमलाई निरन्तरता दिन रु ६ लाख बजेटको व्यवस्था गरेको छु ।

५) कृषि उत्पादन तथा उत्पादकत्व बृद्धिको लागि विकसित प्रविधिहरुको प्रचार प्रसार र प्राबिधिक सेवा सर्बसुलभ रुपमा प्रदान गर्न गाउँपालिकाका सवै वडा तथा वस्ती र सेवा केन्द्र स्तरमा विभिन्न व्यवसायिक बिषयमा तालिम संचालन गरि कृषकहरुलाई सक्षम गराइनुको साथै एक वडा एक कृषि प्राविधिक साथै गाउँपालिका स्तरमा कृषि विज्ञको व्यवस्था गर्ने गरि सशर्त कार्यक्रमबाट रु. ५ लाख २५ हजार बजेट विनियोजन गरेको छु ।

६) उन्नत जातका पशुपंक्षी उत्पादन गर्नका लागि कृतिम गर्भधान कार्यक्रमलाई कृषक व्यवसायिक सम्म पुऱ्याउने साथै व्यवसायीक पशुपालकलाई उत्प्रेरित गर्न विभिन्न अनुदान, तालिम तथा प्रोत्साहनलाई जोड दिनको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

७) यस हिमाली गा.पा. मा **१ वडा १ पशु स्वास्थ्य शिविर संचालन कार्यक्रम** संचालन गर्नको लागि आवश्यक बजेटको व्यवस्था मिलाईएको छ ।

८) **आफूलाई चाहिने विउ आफै उत्पादन गरौं** भन्ने नाराका साथ विउमा आत्मनिर्भर हुन रैथाने वालीहरु फापर, चिनो, कागुनो, मार्से लगायत अन्य बाली धान, गहु, मकै, कोदो जस्ता प्रमुख खाद्यान्न वाली एवंम दलहन र तरकारी आदिको विउ विजन उत्पादन, प्रशोधन र बजारीकरणको लागिको आवश्यक बजेटको व्यवस्था मिलाईएको छु ।

९) संघिय सरकारको सर्शत तर्फ प्राप्त वजेट अर्न्तगत कार्यक्रमवाट उद्यमशिलता कार्यक्रम (मेड्पा) तथा प्रशिक्षण सञ्चालन र औजार यन्त्र उपकरण वितरण गरी स्थानीय स्रोत साधन परिचालन गर्नको लागि संघिय सरकारको शर्सत तर्फ रु १३ लाख बजेटको व्यवस्था गरेको छु ।

१०) हिमाली गाउँपालिकाको धुलाचौरमा औद्योगिक ग्रामको निर्माण कार्यलाई तिव्र गतिमा अगाडि बढाई निकट भविस्यमा नै हिमाली गाउँपालिका भित्र उत्पादित फलफूल, अन्य कृषि जन्य उत्पादीत बस्तु, पशुजन्य उत्पादीत बस्तु, जडिबुटी, काष्ठजन्य बस्तु, केतुके, अल्लो, लोक्ता लगाएतका अन्य बन पैदावारसंग सम्बन्धीत उद्योगहरु संचालनमा ल्याई हजारौं नागरिकहरुलाई रोजगारीमा जोड्ने कार्यको लागि आवश्यक बजेट व्यवस्था गरिएको छ ।

११) **गाउँपालिकाभित्र रहेका तपशिलका स्थानहरुमा लघुउद्यम जस्तै सुधारिएका घट्ट मिलहरु, जडिबुढी उद्योग, केतुके उद्योग लगायतका कार्यक्रमहरु संचालन गर्ने रु. ९ लाख बजेटको व्यवस्था मिलाएको छु । सो अन्तरगत तपशिल बमोजिमका योजनाहरुमा बजेट विनियोजन गरी अन्य केही योजनाहरु प्राथमिकरण गरिएका छन् ।**

१) नेटा आधुनिक घट्ट घेरबार हिमाली-१ नेटाको लागि रु.२ लाख ५० हजार
२) भित्त नातिखोला आधुनिक घट्ट निर्माण हिमाली-२ नातिखोलाको रु.१ लाख २५ हजार
३) कुटानी पिसानी मिल निर्माण हिमाली-४ बोर्ताको लागि रु. ४ लाख
४) आधुनिक घट्ट निर्माण हिमाली-६ नाफी माफघट्टको लागि रु. १ लाख २५ हजार

१२) पर्यटन क्षेत्रको संरक्षण, सम्वर्द्धन, प्रवर्द्धन तथा पर्यटकिय स्थलसम्मको सहज पहुच पुगाउनको लागि हिमाली गाउँपालिकाको रानीसैन, बुढीनन्दा लगायतका क्षेत्रहरुलाई पर्यटकीय सडक सञ्जालसंग जोड्ने गरि आवश्यक बजेटको व्यवस्था मिलाईएको छ ।

१३) हिमाली गाउँपालिकाको क्षेत्रभित्र रहेका ऐतिहासीक धरोहर, मठ मन्दिर, गुम्वाहरुको उचित संरक्षण कार्यलाई निरन्तरता दिँदै यस क्षेत्रको सांस्कृतिक, पर्यकटिय स्थल, स्थानीय कलाकृति, मौलिक साँस्कृतिक परम्परा रीतिरिवाजको जगेर्ना गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा प्रचार प्रसार गर्नका लागि डकुमेन्ट्री निर्माण गरी, सामाजिक सञ्जालबाट प्रचारप्रसार गर्ने

तथा राष्ट्रिय टेलिभिजनबाट प्रसारण गर्ने लगायतका कार्यक्रमहरु गर्नको लागि आवश्यक बजेटको व्यवस्था मिलाईएको छ ।

१४) पर्यटन क्षेत्रको संरक्षण, सम्वर्द्धन, प्रवर्द्धन एवंम पर्यटकहरु प्रतिको समुचित व्यवहार एवंम पर्यटक मैत्री व्यवसाय संचालन गर्न स्थानीय होटल व्यवसाय र अन्य पर्यटनसंग सम्बन्धीत व्यवसायीलाई पर्यटन मैत्री सेवा तथा व्यवहार विकास तालिम संचालनको लागि आवश्यक बजेटको व्यवस्था मिलाईएको छ ।

१५) हिमाली गाउँपालिकासँग जोडिएको कर्णाली नदिको क्षेत्रमा र्‍याफ्टीङ्ग सेवा सञ्चालन गर्नको लागि रु. १० लाख विनियोजन गरेको छु ।

१६) हिमाली गाउँपालिकाको क्षेत्रभित्र रहेका ऐतिहासीक धरोहर, मठ मन्दिर, गुम्वाहरुको उचित संरक्षण कार्यलाई निरन्तरता दिनका लागि २१ लाख ५० हजार बजेटको व्यवस्था गरेको छु । सो अन्तरगत तपशिल अनुसारका योजनाहरु प्राथमिकरण गरिएको छ ।

१) मष्टा मन्दिर निर्माण हिमाली-१ नेटा २ लाख ५० हजार

२) कुरमुरी मन्दिर निर्माण खौला हिमाली-२ कोट ३ लाख

३) सुनन्दा माई मन्दिर निर्माण क्रमागत हिमाली-३ युना ३ लाखा

४) भाना ढुकुरी मष्टा मन्दिर निर्माण हिमाली-४ बोर्ता ३ लाख

५) त्रिवेणी धाम मन्दिर निर्माण हिमाली-५ कुवाडी ३ लाख

६) कैलाश मन्दिर निर्माण हिमाली-५ नदापाटा ४ लाख

७) शिम्बुनाथ मन्दिर निर्माण हिमाली-६ धिम ३ लाख

८) भवानी माई मन्दिर निर्माण हिमाली-६ पाँडी ४ लाख

१७) हिमाली गाउँपालिका वडा नं. १ नेटा मा प्रहरी चौकी भवन निर्माणका लागि रु. ६ लाख बजेटको व्यवस्था मिलाइएको छ ।

१८) हिमाली गाउँपालिका वडा नं. ३ वडा कार्यालय भवन निर्माण तथा व्यवस्थापनको लागि रु. २ लाख ५० हजार बजेटको व्यवस्था मिलाईएको छ ।

१९) आर्थिक अभावकै कारण उच्च शिक्षा अध्ययनबाट वञ्चित हुनुपर्ने समस्याको अन्त्य गरी गाउँपालिका सबै नागरिकका छोराछोरीले उच्च शिक्षा हासिँल गर्न सकोस भन्ने उद्देश्यका साथ कक्षा ११ १२-सम्मको शिक्षा निःशुल्क गर्नको लागि आवश्यक बजेटको व्यवस्था मिलाईएको छ ।

२०) **स्वच्छ, सफा, हरियाली विद्यालय अभियान** अन्तरगत सम्पूर्ण विद्यालयमा बृक्षारोपण कार्यक्रम संचालन गरि **एक विद्यालय एक करेसावारी** अनिर्वाय बनाउनु पर्ने साथै बाह्रै महिना हरियो तरकारी अभियान संचालन गर्नका लागि आवश्यक बजेट मिलाईने छ ।

➢ नेपाल सरकारबाट संचालित दिवा खाजा कार्यक्रमलाई व्यवस्थित गर्न खाजा घरको व्यवस्थापन गर्ने नीति लिइने छ ।

- विद्यालयमा स्वास्थ्य तथा पोषण कार्यक्रम संचालन लाई निरन्तरता दिदैं सम्पूर्ण विद्यालयको आवश्यकता अनुसार पानि शौचालय तथा सरसफाई जस्ता क्रियाकलापमा विद्यालयसँग काम गर्ने संघ संस्था संग सहलगानी गर्ने निती - लिईनेछ।
- प्राविधिक शिक्षा अध्ययनरत विद्यार्थीहरुका लागि पढ्दै कमाउदैं कार्यक्रम अगाडी बढाईने छ ।

२१) यस हिमाली गाउँपालिकाको समग्र शैक्षिक गुणस्तर वृद्धि गर्नका लागि शिक्षक विद्यार्थी अनुपात अनुसार नियुक्ति गरिएका स्वयम् सेवक शिक्षकहरुलाई निरन्तरता दिनुका साथै उक्त शिक्षकहरुको पारिश्रमिक तलब भत्ताको लागि १ करोड ४० लाख बजेटको व्यवस्था मिलाएको छु ।

२२) गाउँपालिका भित्रको वास्तविक बस्तु स्थिती धार्मिक, सास्कृतिक तथा ऐतिहासिक विषय बस्तुलाई समेटी चालु आर्थिक वर्षमा स्थानिय पाठ्यक्रम निर्माण गरी आगामी शैक्षिक सत्रबाट कक्षा १ देखि ६ सम्म कार्यान्वयनमा ल्याउनका लागि १० लाख बजेटको व्यवस्था गरेको छु ।

२३) यस गाउँपालिका अन्तरगत विभिन्न स्थानमा कार्यरत प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारीहरुको व्यवस्थापनको लागि न्यूनतम पारिश्रमिकसम्म बृद्धि गरी गाउँपालिकाले आफ्नो श्रोतबाट ७५ लाख बजेटको व्यवस्था गरेको छु ।

२४) समावेशी शिक्षा शैक्षिक गुणस्तर वृद्धि गर्न गाउँपालिका भरिका सबै सामुदायिक विद्यालयहरुमा परीक्षा प्रणालीको एकरुपता र शैक्षिक सत्रको सुरुवातमै पाठ्यपुस्तक उपलब्ध गराउनको लागि सर्शत तर्फबाट २२ लाख ४१ हजार बजेटको व्यवस्था गरेको छु ।

२५) महिनावारी भएकै कारणले कुनै पनि छोरीहरुको पढाइ नछुटोस् भन्ने उद्देश्यका साथ सबै किशोरीहरुलाई नि:शुल्क स्यानिटरि प्याड वितरणका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

२६) यस गाउँपालिकामा संचालित आधारभूत र माध्यामिक तहका लागि अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदानको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

२७) विपत तथा महामारी लगायत अन्य विभिन्न कारण विद्यालय तथा शिक्षण सिकाईमा पर्न सक्ने प्रभावलाई मध्यनजर गरी शिक्षण सिकाईलाई निरन्तरता दिइ

विद्यालयलाई सुरक्षित राख्न वैकल्पिक सिकाईको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

२८) समावेशी शिक्षा शैक्षिक गुणस्तर वृद्धि गर्न सार्वजनिक विद्यालयमा अध्यनरत आर्थिक तथा विपन्न, दलित, जनजातीका बालबालिकाहरुलाई छात्रवृत्तीको लागि ८ लाख २७ हजार बजेटको व्यवस्था गरेको छु ।

२९) हिमाली गाउँपालिकाको खेलकूद क्षेत्रको विकास गर्न “स्वास्थ्यको लागि खेलकूद राष्ट्रका लागि खेलकूद” भन्ने मूल नारालाई साकार पार्न गाउँपालिकामा राष्ट्रपति रनिङ्गसिल्ड खेलकूद प्रतियोगिता लगायत अन्य अतिरिक्त क्रियाकलापहरु संचालन गर्न रु १ लाख र अध्यक्ष कप खेलकूदको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

३०) आधारभुत तह कक्षा ८ उर्तीण परीक्षा तथा अन्य कक्षागत तहको परीक्षालाई तोकिएको मापदण्डका आधारमा व्यवस्थित र प्रभावकारीरुपमा सञ्चालन गर्नको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

३१) सम्पुर्ण विद्यालयमा क्रमशः पुस्तकालय, गणित, विज्ञान र कम्प्युटर प्रयोगशाला व्यवस्थित गर्दै लगीनुको साथै प्रत्येक माध्यामिक विद्यालयमा ई-पुस्तकालयको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

३२) विद्यालयका प्रध्यानाध्यापक, शिक्षक तथा लेखा कर्मचारीलाई क्षमता विकास सम्बन्धी तालिमको व्यवस्था गरी शिक्षक कर्मचारीको क्षमता विकासको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

३३) विद्यालय स्वच्छ सरसफाई कार्यक्रम अन्तर्गत पिउने पानी, वालमैत्री शौचालय तथा नियमित सरसफाई, प्राथमिक उपचार कक्ष, कक्षा कोठा व्यबस्थापन जस्ता कुराहरुको क्रमशः सुधार गर्नको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

३४) सुरक्षित विद्यालय धुलोमुक्त विद्यार्थी हाम्रो इच्छा, श्रम सिप र रोजगारमुखी गुणस्तरीय शिक्षा भन्ने नारालाई साकार पार्दै प्रत्येक विद्यालयमा डेस्क, बेन्च तथा विद्यालय फर्निचरको व्यवस्था साथै भवन शौचालय अन्य संरचना निर्माण गरी विद्यालयलाई सुविधा सम्पन्न बनाउन तपशिल अनुसारको बजेट विनियोजन गरेको छु ।

**तपशिल**

१) विच्छ्या मा.वि.शौचालय निर्माण हिमाली-१ बिच्छ्याँ रु. १० लाख

२) लुवासुर आ.वि.खानेपानी तथा शौचालय निर्माण हिमाली-२ कोटीगाउँ रु. ४ लाख

३) युना मा.वि. भवन निर्माण हिमाली-३ युना रु. २५ लाख साथै प्रदेश सर्शत तर्फबाट रु. २० लाख गरी जम्मा रु. ४५ लाख

४) ने.रा.आ.वि.भवन निर्माण हिमाली-४ बोर्ता रु. १७ लाख

५) कुलमष्टाजन आ.वि.भवन निर्माण हिमाली-५ क्यूडी रु. २० लाख

६) बडीमालिका मा.वि.घेरबार निर्माण हिमाली-६ धिम रु. ६ लाख

७) भवानी मा.वि. शौचालय, फिल्ड तथा रेलिङ्ग निर्माण हिमाली-६ धुलाचौर रु. १० लाख

८) जनता मा.वि.घेरबार शौचालय तथा विद्युत विस्तार हिमाली-७ बाँधु रु. १३ लाख

९) मंगलमय आ.वि. शौचालय निर्माण हिमाली-५ रुगिन रु.३ लाख रकम बिनियजन गरेको छु ।

३५) गाउँपालिका स्तरीय बार्षिक परीक्षा प्रणालीलाई विश्वसनिय बनाई परीक्षा प्रणालीमा एकरुपता ल्याउन आवश्यक बजेट विनियोजन गरेको छु ।

३६) सवै विद्यालयलाई आइ.सि.टि. मैत्री बनाउने तथा इन्टरनेट सेवा जोड्नको लागि साथै कम्प्युटर शिक्षकको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

३७) हिमाली गाउँपालिकाका नागरिकहरुका लागि एम्बुलेन्स सेवा शुल्क पुर्ण रुपमा छुट दिने व्यवस्था मिलाई निःशुल्क एम्बुलेन्स सेवा संचालन गरिने छ । गर्भवती र सुत्केरी महिलाहरुलाई थप आर्थिक सहायता प्रदान आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

३८) १८ वर्ष भन्दा कम उमेरका अपाङ्गता भएका बालबालिका लाई निशुल्क उपचार गर्ने व्यवस्था मिलाइएको छु ।

३९) उपचार खर्च नभएकै कारण कसैले पनि ज्यान गुमाउनु नपरोस् भन्ने उद्धेश्का साथ क्यान्सर रोगबाट पिडित व्यक्तिहरु मृगौलाको ,मुटु रोग ,अपरेसन तथा डाईलाइसिस गर्नुपर्ने समस्या भएका व्यक्तिहरु , सम्म गर्नुपर्ने अन्य भाइटल अंग एवं टाउकोमा चोटपटक लागि अपरेसन ,दुर्घटनामा परि मेरुदण्ड अवस्थाका बिपन्न परिवारका नागरिकहरुलाई बिशेष उपचार खर्च सहायता उपलब्ध गराउने गरि बजेटको ब्यबस्था मिलाइएको छु ।

४०) पाठेघर खसेका महिलाहरुको सम्पुर्ण उपचार खर्च गाउँपालिकाले व्यहोर्ने गरि बजेटको ब्यबस्था मिलाइएको छु।

४१) हिमाली-१ बिच्छ्याँ स्वास्थ्य चौकी भवन निर्माणको लागि प्रदेश समपुरकबाट क्रमागत रु. ५६ लाख १३ हजार, हिमाली ५ क्यूडीमा स्वास्थ्य चौकी भवन निर्माणको लागि प्रदेश समपुरकबाट रु. ४० लाख र धुलाचौरमा गाउँपालिका स्तरीय आइसोलेसन सहितको बर्थीङ सेन्टर भवन निर्माणका लागि संघिय सरकारबाट विशेष तर्फबाट रु. ७५ लाख रमकको व्यवस्था मिलाएको छ|

४२) सबै स्वास्थ्य संस्थामा खानेपानी र सौचालयका साथै गुणस्तर सुधार गर्न लागी तपशिल बमोजिम बजेटको व्यबस्था मिलाइएको छ|

**तपशिल बमोजिम**

- लिउडयानी देखि गोश्वारा आ.वि. हुँदै बिच्छ्याँ स्वास्थ्य चौकी खानेपानी निर्माण हिमाली-१ बिच्छयाँ रु.१० लाख
- युना आधारभूत स्वास्थ्य सेवा केन्द्र खानेपानी मर्मत हिमाली-३ युना रु. १ लाख
- फैती आधारभूत स्वास्थ्य सेवा केन्द्र घेरबार निर्माण हिमाली-४ फैती रु. ३ लाख
- बोर्ता आधारभूत स्वास्थ्य भवन मर्मत हिमाली-४ बोर्ता रु. २ लाख
- धिम आधारभूत स्वास्थ्य सेवा केन्द्र खानेपानी निर्माण हिमाली-६ धिम १ लाख
- पाँडी आधारभूत स्वास्थ्य सेवा केन्द्र खानेपानी निर्माण हिमाली-६ पाँडी १ लाख
- जनता मा.वि. तथा बाँधु आधारभूत स्वास्थ्य सेवा केन्द्र खानेपानी निर्माण हिमाली-७ बाँधु १ लाख ५० हजार

४३) हिमाली गाउँपालिकाको अति दुर्गम गाउँ गुम्बामा नयाँ स्वास्थ्य संस्था स्थापना गरि स्वास्थ्य सेवा सुचारु गर्न आवश्यक बजेट मिलाइएको छ।

४४) "गाउँ गाउँमा स्वास्थ्य सेवाको पूर्वाधार गुणस्तरीय र भरपर्दो स्वास्थ्य सेवा समृद्ध एवं दिगो विकासको आधार" भन्ने नारालाई स्वास्थ्यको मूल नाराको रुपमा अंगिकार गर्दै यस गाउँपालिकाका सबै नागरिकको पहुँचमा आधारभूत स्वस्थ्य सेवा पुगाउन हिमाली गाउँपालिकाका दुर्गम बस्तिहरु पाँडी, क्यूडी, बाम र बोर्तामा गत वर्ष नै स्वास्थ्य संस्था स्थापना गरिसकेको र आगामी आ.व.मा जनशक्ति र श्रोत साधन व्यवस्थापनको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

४५) वहुक्षेत्रिय पोषण कार्यकमलाई थप प्रभावकारी संघिय सरकारको शसर्त तर्फको रु. १३ लाख बजेट व्यवस्था मिलाएको छु ।

४६) यस हिमाली गाउँपालिकाका सम्पूर्ण नागरिकहरुलाई आधारभूत स्वास्थ्य सेवा तथा निशुल्क औषधि उपचारको लागि औषधि खरिद गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

४७) विभिन्न महामारी जन्य रोगहरु सर्ने तथा नसर्ने रोगहरु सम्बन्धि रोकथाम, नियन्त्रण, उपचार र जनचेतनामूलक कार्यक्रममा संचालन गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

४८) स्वास्थ्य संस्थामा कार्यरत स्थायी कर्मचारीहरुको सेवा सुविधाको लागि शशर्त स्रोतबाट ९८ लाख बजेटको व्यवस्था गरेको छु ।

४९) यस हिमाली गाउँपालिका स्वास्थ्य शाखा अन्तरगत कार्यरत करार स्वास्थ्य कर्मिहरुको लागि ९६ लाख १३ हजार १ सय बजेटको व्यवस्था गरेको छु ।

५०) बर्थिङ सेन्टर तथा दक्ष प्रसुतिकर्मीको प्रयाप्त व्यवस्था गरि संस्थागत सुत्केरीलाई प्रोत्साहित गर्ने र आमा सुरक्षा कार्यक्रमको उपलब्धिलाई कायम राख्दै सवै स्वास्थ्य संस्थाहरुबाट गर्भ जाँच तथा सुत्केरी गराउन मिल्ने गरि स्वास्थ्यकर्मीहरुलाई तालिम र स्वास्थ्य संस्था लागि औजार उपकरण व्यवस्थापन गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

५१) महिला स्वास्थ्य स्वयमसेविकाको मनोबल उच्च राख्न रु. २ लाख बजेट गाउँपालिका र संघीय सरकारबाट रु. ६ लाख गरी जम्मा ८ लाख बजेट विनियोजन गरेको छु ।

५२) उपचार खर्च नभएकै कारण कसैले पनि ज्यान गुमाउनु नपरोस् भन्ने उद्धेश्का साथ क्यान्सर रोगबाट पिडित व्यक्तिहरुमृगौलाको अपरेसन तथा डाईलाइसिस ,मुटु रोग , अ ,दुर्घटनामा परि मेरुदण्ड , भएका व्यक्तिहरुगर्नुपर्ने समस्यान्य भाइटल अंग एवं टाउकोमा चोटपटक लागि अपरेसन सम्म गर्नुपर्ने अवस्थाका बिपन्न परिवारका नागरिकहरुलाई बिशेष उपचार खर्च सहायता उपलब्ध गराउने गरि बजेटको ब्यबस्था मिलाएको छु ।

५३) हिमाली गाउँपालिका वडा नं. ५ कवाडिमा निमार्णाधिन गाउँपालिका स्तरीय १० शैयाको अस्पताल निमार्ण कार्यलाई तिब्रता दिई छिटै अस्पताल सेवा संचालनमा ल्याउनको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

५४) कार्यालय संचालन तथा व्यवस्थापन गर्न गाउँपालिका तर्फका करार कर्मचारी, स्वयमसेवक शिक्षकहरुको तलब भत्ताका लागि रु. ३ करोड ३२ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।

५५) यस हिमाली गाउँपालिकामा कार्यरत स्थायी कर्मचारीहरुको पारिश्रमिक तलव भत्ताका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

५६) गाउँपालिका भित्र ६५ बर्ष भन्दामाथिका संघीय सरकारबाट प्राप्त हुने सामाजिक सुरक्षा भत्ता नपाएका जेष्ठ नागरिकहरु र ग र घ वर्गका सम्पूर्ण अपागंहरुलाइ बितरण गर्दै आईरहेको सामाजिक सुरक्षाभत्ता कार्यक्रमलाई निरन्तरता दिनको लागि गाउँपालिकाको तर्फबाट सामाजिक सुरक्षा भत्ताका लागि १० लाख बजेटको व्यवस्था मिलाएको छु ।

५७) यस हिमाली गाउँपालिका भित्र रहेका दलित, महिला, विपन्न र अल्पसंख्य समुदायको उत्थान विकास र क्षमता अभिबृद्धिका गर्न लक्षित कार्यक्रमका अन्तरगत रु. ८ लाख बजेटको व्यवस्था गरेको छु ।

५८) जनप्रतिनीधि सेवा सुविधा तथा चालु खर्च कार्यक्रम तर्फको लागि रु. १ करोड ६५ लाख ६४ हजार रकम विनियोजन गरेको छु ।

५९) कर्णाली नदीको धुलाचौर देखि पिलुचौरसम्म ज्यापिट्रङ सेवा सञ्चालन भईरहेको तथा कुवाडी देखि धुलाचौरसम्म ज्यापिट्रङ सेवा सञ्चालनका लागि रु. १० लाख बजेटको व्यवस्था गरेको छु ।

६०) हिमाली गाउँपालिका हुँदै रारा जाने बाटो जोडि सकेको र बुढीनन्दा जाने सडक संजाल जोड्न. काम भैरहेको हुँदा पर्यटन प्रर्वद्धनका लागि प्रचार प्रसार गरी स्थानीय नागरिकहरुलाई पर्यटन व्यवसाय जोड्ने गरी आवश्यक बजेट व्यवस्था मिलाएको छ ।

६१) पर्यटन क्षेत्रको संरक्षण, सम्वर्द्धन, प्रवर्द्धन तथा पर्यटकिय स्थलसम्मको सहज पहुँच पुगाउनको लागि हिमाली गाउँपालिकाको रानीसैन, बुढीनन्दा लगायतका क्षेत्रहरुलाई पर्यटकीय सडक सञ्जालसंग जोड्ने गरी आवश्यक कार्य अगाडी बढाईने गरी आवश्यक बजेट व्यवस्था मिलाएको छ ।

६२) न्यायिक समितिलाई सकृय गराई महिला प्रति हुने सबै प्रकारका हिंसाको अन्त्य तथा विभेदमा छिटो न्याय दिने कुरालाई प्राथमिकता दिईने गरी आवश्यक बजेटको व्यवस्था गरेको छु ।

६३) न्यायिक समितिले सम्पादन गर्ने कार्य सम्बन्धमा सबै वडामा जनचेतना कार्यक्रम संचालन गर्ने गरी रु. ५ लाख बजेटको व्यवस्थापन गरेको छु ।

६४) वालविवाह, वहुविवाह, छाउपडी, छुवाछुत जस्ता कुपर्था र कुसंस्कृती लाई न्यूनीकरण गर्न विभिन्न कार्यक्रमहरु संचालन गर्ने गरी आवश्यक बजेट व्यवस्था मिलाइएको छ ।

६५) कुपोषण र गरिबीको मुल कारक तत्वको रुपमा रहेको बालविवाहलाई न्यूनीकरण गर्न उच्च शिक्षा हासिँल गरी कानूनीरुपमा उमेर पुगेर विवाह गर्ने छोरीहरुलाई उचित पुरस्कारको तथा सम्मानको लागि आवश्यक बजेट व्यवस्था मिलाइएको छु ।

६६) यस आर्थिक बर्षमा सबै वडा कार्यालयमा डिजिटल नागरीक वडा पत्र राखी वडा कार्यालय बाट गरिने काम हरु डिजिटाईजेसन प्रणाली लाई प्राथमिकीकरणका आधारमा लैजानको लागि आवश्यक बजेट व्यवस्था मिलाएको छु ।

६७) सबै वडा कार्यालय सञ्चालनको लागि ईन्धन, सवारी, मर्मत तथा प्रशासनिक एवम् व्यवस्थापन खर्च स्वरुप प्रत्येक वडा कार्यालयहरुलाई रु.१ लाख ५० हजार का दरले बजेट व्यवस्थापन गरेको छु ।

६८) कृषि क्षेत्रको आधुनीकरण, व्यवसायीकरण र बजारीकरण प्रवर्द्धन गर्ने कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गरिने छ र हिमाली गाउँपालिकामा उत्पादीत कृषि तथा पुशजन्य उत्पादनलाई बजारीकरण गर्नका लागि कृषि एम्बुलेन्स संचालन गर्न संघिय सशर्तको रु. १९ लाख ५० हजार र थप १० लाख गाउँपालिकाको तर्फबाट गरी जम्मा रु. २९ लाख ५० हजार बजेट व्यवस्था मिलाएको छु ।

६९) कुवाडीमा निर्माणधिन १० शैया अस्पताल पहिरो नियन्त्रणका लागि रु. १४ लाख बजेट विनियजन गरेको छु ।

७०) बिद्युत पोल ढुवानी जडान तथा आवासिय भवन संरचनाका लागि रु. १२ लाख बजेट विनियोजन गरको छु ।

७१) यस गाउँपालिकाका सम्पूर्ण बासिन्दालाई गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्न एवम् बर्थिङ्ग सेन्टर तथा दक्ष प्रसुतिकर्मीको प्रयाप्त व्यवस्था गरी स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने सेवालाई थप प्रभावकारी बनाउन महामारी जन्य रोगहरुबाट बच्न र बचाउने कार्यक्रमका लागि रु. २० लाख बजेट व्यवस्था गरेको छु ।

७२) कुवाडीमा निर्माणधिन १० शैया अस्पताल निर्माण कार्यका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

७३) यस हिमाली गाउँपालिकाले विभिन्न सेवा प्रदायक निकायसँग समन्वय, सहकार्य र सहमतीका आधारमा संचालन गर्ने विभिन्न घुम्ती सेवा संचालनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

७४) गाउँपालिकाभित्र अपाङ्ग तथा जेष्ठ नागरिकहरुको पहिचान गरी समय अनुकूल परिचयपत्र वितरणका लागि आवश्यक बजेटको छु ।

७५) यस गाउँपालिकामा लागू भएका सम्पूर्ण सरकारी तथा गैर सरकारी संघ संस्थाहरुबाट प्रदान गरिने सेवाहरुलाई एकद्धार प्रणालीबाट सेवा प्रदान गरिने व्यवस्थालाई निरन्तरता दिनुका साथै विकासमा सार्वजानिक निजी साझेदारी रणनीतिलाई वास्तविक कार्यनीतिमा परिणत गर्नका लागि साझेदारी कार्यक्रम अन्तरगत ५० लाख बजेटको व्यवस्था मिलाएको छु ।

७६) हिमाली गाउँपालिका अन्तरगत सडक सञ्जाल जोड्का लागि तपशिल बमोजिम बजेटको व्यवस्था गरेको छु ।

१. मैतार्ना देखि विच्छयाँ सडक निर्माण योजना वडा नं १ रु. १५ लाख
२. कालेगौडा हुँदै औल बछ्या सडक निर्माण वडा न ५ रु. १५ लाख
३. बुन्ना देखि पाँडीसम्म सडक निर्माण हिमाली-६ पाँडी रु. २५ लाख
४. बोर्ता पनेरा देखि ने.रा.आ.वि.सम्म सडक निर्माण हिमाली-४ रु. १३ लाख
५. माला देखि नदापाटासम्म सडक निर्माण तथा स्तरउन्नती हिमाली-५ रु. १० लाख

७७) गाउँपालिकामा पुर्वाधार विकास गरी समृद्ध हिमाली गाउँपालिका बनाउने क्रममा क्रमशः गाउँपालिका क्षेत्रभित्र रहेका काठे एवम् ढुङ्गे पुलहरुलाई विस्थापित गर्दै बाँकी रहेका सुप, सिमपानी, जौंली र छिम्दु लगायतका स्थानहरुमा झोलुंगेपुल निर्माणका लागि रु ३५ लाख बजेटको व्यवस्था गरेको छु ।

७८) हिमाली गाउँपालिका सबै वस्तीलाई सडक सञ्जाल जोड्नको लागि सडक, गोरेटो बाटो तथा पुल निमार्ण र स्तर उन्नतीका साथै विपतबाट हुने क्षति न्यूनीकरणका लागि ४५ लाख बजेटको व्यवस्था मिलाएको छु ।

७९) गोरेटो र घोरेटो बाटो मर्मत तथा निर्माण गर्न बजेट व्यवस्थापन गरी प्राथमिकिकरण गरिएको छु ।

**<u>तपशिल</u>**

१. नेटाचौकी देखि युना जाने बाटो गोरेटो हिमाली-१ नेटा रु. १ लाख
२. खौला देखि भेरीखोरसम्म बाटो गोरेटो हिमाली-२ कोट रु. १ खाल
३. तुर्स्या हुँदै कुथु तिथी बाटो निर्माण हिमाली-५ रुगिन रु. १ लाख

४. माझजिउला पिपल चौतारा निर्माण हिमाली-६ बोल्ढीक रु. १ लाख
५. ढाँडओखल अपाङ्ग मैत्री बाटो निर्माण हिमाली-६ धिम रु.१ लाख
६. बाँधु दलित टोल खडिङ्ची निर्माण हिमाल-७ बाँधु रु. २ लाख ५० हजार
७. सिमपानी देखि बाम हुँदै काम्ल्यासम्म जडिबुटी पहुँच मार्ग निर्माण हिमाली-१
८. मालढुङ्गा देखि सिससेरासम्म जडिबुटी पहुँच मार्ग निर्माण-३ बौडी
९. फैती देखि फाला हुँदै तिथीसम्म गोरेटो बाटो निर्माण तथा मर्मत हिमाली-४ फैती
१०. झिनी खानेपानी तथा स्याउ बगैचा घेरबार निर्माण हिमाल-६ धिम
११. बाँधु देखि देउबगर हुँदै जडरीखोलासम्म गोरेटो बाटो निर्माण हिमाली-७ बाँधु

६६. हिमाली गाउँपालिका अन्तरगत प्रधानमन्त्री रोजगार सेवा केन्द्र अन्तरगत बजेटबाट निर्माण कार्य सम्पन्न गर्नका लागि साझेदारी नीति बमोजिम योजनाहरु निर्माण र सम्मन्न गर्ने गरी प्राथमिकिकरणका आधारमा आवश्यक बजेट व्यवस्था मिलाएको छु ।

६७. हिमाली उज्यालो अभियान अर्न्तगत यस गाउँपालिकामा निर्माण भएको कवाडी लघु जलविद्युत् आयोजना, र निमार्ण हुने विच्छुँया खोला लघु जलविद्युत् आयोजनाहरुलाई निमार्ण तथा धुलाचौर, बोल्ढीक, धिम र क्युडीमा विद्युत लाईन विस्तार गरी उक्त स्थानहरुमा उज्यालोको प्रबन्ध मिलाउनको लागि संघिय समपुरक र हिमाली गाउँपालिकाको एकमुष्ट रु. १ करोड बजेट विनियोजन गरेको छु ।

६८. सर्शत तर्फ प्राप्त हुने नविकरणीय उर्जा कार्यक्रम अन्तरगत धुलाचौर बजार आसपासमा सौर्य ऊर्जा सडक बत्ति लगाएत सौर्य प्रणालीका लागि १० लाख बजेट व्यवस्था गरेको छु ।

६९. हिमाली गाउँपालिकाको केन्द्र धुलाचौर बजार क्षेत्र र आसपासका बस्तीहरुको लागि कर्णाली नदीबाट पानी तान्ने र पानी सुद्धिकरण गरि बजारलाई खानेपानी वितरण गर्ने गरि लिफ्टीङ खानेपानी आयोजना निर्माणका लागि रु. २० लाख विनियोजन गरेको छु ।

७०. नेपाल रेडक्रस भवन निर्माणको लागि रु. १० लाख विनियोजन गरेको छु ।

७१. हिमाली गाउँपालिकालाई सिसामुक्त गाउँपालिका बनाउनुको साथै गाउँपालिका अन्तरगत पर्ने बजार क्षेत्र धुलाचौर र कवाडीमा डम्पीङ साइट साथै सार्वजनिक धारा तथा शौचालय निर्माण गर्ने र बजार क्षेत्रमा फोहर संकलन गर्न कन्टेनर राख्ने गरि फोहर व्यवस्थापनको लागि रु. २० लाख बजेट बिनियोजन गरेको छु ।

७२. गाउँपालिकाको नाराको रुपमा रहेको **"एक घर एक धाराको"** नीतिलाई पूर्णरुपमा कार्यन्वयन गर्न गराउन खानेपानीका पुराना आयोजनाहरुको मर्मत पुनर्स्थापना एवं नयाँ आयोजनाहरुको कार्यान्वयन गर्न तथा योजनाहरु निमार्ण गर्नका लागि तपशिल बमोजिमको खानेपानी योजनाहरु प्रधानमन्त्री रोजगार कार्यक्रमबाट श्रम हुने निर्माण तथा मर्मतका लागि दुवै शिर्षकबाट रु २७ लाख बजेटको व्यवस्था मिलाएको छु ।

१. विच्छयाँ वस्ति खानेपानी निर्माण योजना वडा नं १ बिच्छयाँ रु. २ लाख
२. दखली खानेपानी निर्माण योजना वडा नं २ कोट रु. १० लाख
३. बौडी देखि चौका खानेपानी निर्माण योजना वडा नं ३ बौडी रु. १ लाख
४. गुम्बा खानेपानी निर्माण योजना वडा नं ३ गुम्बा रु ३ लाख
५. दलित वस्ति खानेपानी निर्माण योजना वडा नं ४ फैती रु. ३ लाख
६. पनेरा देखि गाउँसम्म अपाङ्ग मैत्री खडिङ्ची निर्माण हिमाली-४ बोर्ता रु १ लाख
७. बालाफुगी खानेपानी निर्माण योजना वडा नं ७ रु. २ लाख
८. छिहीडे मुहान खानेपानी मर्मत योजना वडा नं ५ क्रमागत रु. २ लाख
९. कापुचौर वारिपारी खानेपानी मर्मत हिमाली-६ कापुचौर रु. ३ लाख

**तपशिल अनुसार योजनाहरु प्राथमिकिकरण गरिएका छन् ।**

१) बुढीनन्दा आ.वि. शौचालय निर्माण हिमाली-२ नातीखोला
२) यूना खानेपानी निर्माण योजना वडा नं ३ युना
३) गंरी खानेपानी निर्माण योजना वडा नं ३
४) ने.रा. आ.वि. खानेपानी निर्माण हिमाली-४ बोर्ता
५) ग्याम्चु खानेपानी निर्माण योजना वडा नं ५
६) रौज हुँदै नदापाटा सम्म खानेपानी निर्माण वडा नं ५ नदापाटा
७) ठाडा गडा रुवानीबाडा खानेपानी निर्माण हिमाली-६ धिम
८) धुलाचौर लिफ्ट खानेपानी निर्माण योजना वडा नं ६
९) झिनी खानेपानी निर्माण योजना वडा नं ६
१०) सार्वजनिक शौचालय र प्रतिक्षालय सहित खानेपानी निर्माण हिमाली-६ धुलाचौर
११) जनता मा.वि.खानेपानी निर्माण योजना वडा नं ७

७३. गाउँपालिका भित्रका विद्यालयहरुका लागि अन्तरनिहित प्रतिभालाई प्रस्फुटनका लागि पालिका स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड, अध्यक्ष कप जस्ता अन्तर विद्यालय कार्यक्रम संचालनका लागि बालक्लव, युवाक्लबहरुलाई खेलकुद सञ्चालन तथा व्यवस्थापन गर्न तपशिलका योजनाहरु प्राथमिकिकरण गरिएको छ ।

**क) भवानी मा.वि. फिल्ड निर्माण हिमाली-६ धुलाचौर**
**ख)शैलेश्वरी मा.वि.फिल्ड निर्माण हिमाली-४ फैती**

७४. गाउँपालिकाको सम्भव भएका स्थानहरुका खेती योग्य जमिन वाँझो नराख्नको लागि सिचाँई सेवा विस्तार गर्न र साना सिंचाई आयोजना निर्माण तथा

सिंचाई प्रणालीको मर्मत संभार र नयाँ प्रविधिमा आधारित सिंचाई योजनाको कार्यान्वयन गर्न तथा योजनाहरु निमार्ण गर्नका लागि तपशिल बमोजिमको खानेपानी योजनाहरु प्रधानमन्त्री रोजगार कार्यक्रमबाट श्रम हुने साथै गाउँपालिका समानिकरणको बजेटबाट सामाग्री लगाएत अन्य व्यवस्थापन गरी निर्माण तथा मर्मतका गर्नका लागि दुवै शिर्षकबाट रु ५४ लाख बजेटको व्यवस्था मिलाएको छु ।

**तपशिल**

१) जर्जन सिचाई कुलो निर्माण हिमाली-४ फैती रु. ८ लाख
२) बगौरा देखि काँफलखाडा सिचाई कुलो निर्माण हिमाली-५ बच्छयाँ रु. १० लाख
३) बिउरी देखि रिठासम्म भिटा सिचाई कुलो मर्मत हिमाली-५ बिउरी रिठा रु. ३ लाख ५० हजार
४) साँघु चौर हुँदै चौडिला सिचाई कुलो मर्मत हिमाली-५ रुगिन रु. ३ लाख
५) बोल्ढीक डाँडाबाडा सिचांई कुलो निर्माण हिमाली-६ बोल्ढीक रु. १० लाख
६) रिठा देखि दुनी सिंचाई कुलो निर्माण हिमाली-६ बोल्ढीक रु. २ लाख
७) मेलेमुल सिचांई कुलो निर्माण हिमाली-६ धिम रु. २ लाख ५० हजार
८) कुलीमुल सियाला कुलो निर्माण हिमाली-६ धिम रु. २ लाख ५० हजार
९) पारिखेत पाहाडा सिचांई कुलो निर्माण हिमाली-६ धिम रु. ६ लाख
१०) माथिल्लो कुलो सिचाई निर्माण हिमाली-७ बाँधु रु. ६ लाख ५० हजार

७५. दुर्गम तथा पिछडिएको क्षेत्रका नागरिकहरुलाई टेलिफोनको पहुँचमा ल्याउन हिमाली गाउँपालिका वडा नं १ विच्छयाँ वडा नं ५ कुवाडी र वडा नं ६ को पाँडी वडा नं. ३ को गुम्बामा फोनको टावर निर्माण गर्नका लागि आवश्यक व्यवस्था मिलाईने छ ।

७६. यस हिमाली गाउँपालिकाका महिला, दलित बालबालिका, जनजाती, अपाङ्गहरुको क्षमता विकासका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

७७. समाज सुधार बचत तथा ऋण सहकारी संस्था लि. भवन निर्माण हिमाली-६ धुलाचौरका लागि रु. ५ लाख रकम बिनियोजन गरेको छु ।

७८. हिमाली गाउँपालिकाका सेवा एवम् सूचनाहरु सबै नागरिकहरुको पहुँचमा पुर्‍याउनको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

७९. हिमाली गाउँपालिकाका वडाहरुसम्म नागरिकहरुलाई इन्टरनेटको पहुँच पुर्‍याउन १५ लाख बजेटको व्यवस्था मिलाएको छु ।

८०. गाउँपालिका क्षेत्रभित्र शान्ति सुरक्षा कायम गरी नागरिकहरुलाई सुरक्षित महशुस गराउनको लागि आवश्यक बन्दाबस्तिका सामाग्री व्यवस्थापन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

८१. गाउँपालिका क्षेत्रभित्र भबितव्य, बिपद् जस्ता समस्याहरुको सामना तथा व्यवस्थापनका लागि रु. ८० लाख बजेटको व्यवस्था मिलाएको छु ।

क) भैपरी व्यवस्थापन तर्फ रु. ५० लाख

ख) विपत व्यवस्थापन तर्फ रु. ३० लाख

८२. विपद् जोखिम न्यूनिकरण गर्न विपद्को समयमा विपद् भैरहेको स्थानसम्म पुग्ने बाटो सुचारु गर्न पहिरो तथा अन्य विपद्मा परि धनजनको क्षतिलाई न्यूनीकरण गर्न छिटो छरितो उद्धार गर्नको लागि गाउँपालिका बाट जे.सि.भि व्याक लोडरको (डोजर) खरिदको लागि रु. ५५ लाख बजेटको व्यवस्था मिलाएको छु ।

८३. प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत यसै वर्ष भित्र वेरोजगार युवाहरुका लागि रोजगारी सिर्जनाका लागि रु ६८ लाख ४२ हजार बजेटको व्यवस्था गरिएको छ ।

८४. राष्टिय परिचय पत्र तथा पंञ्जीकरण कार्यक्रमलाई थप प्रभावकारी कर्मचारीहरुको तलव भत्ताका साथै कार्यक्रम संचालनको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

८५. यस हिमाली गाउँपालिकामा संचालित विभिन्न संघसँस्थाहरुबाट सञ्चालित हुने कार्यक्रमहरुसँग साझेदारीका लागि समपुरक कोषको व्यवस्था व्यवस्था मिलाएको छु ।

८६. सेवापरामर्श तथा भैपरी आउने खर्च तर्फ आवश्यक बजेट व्यवस्थापन गरिएको छ ।

८७. चालु खर्च तर्फ आवश्यक बजेट व्यवस्थापन गरिएको छु ।

**अध्यक्ष महोदय,**

१. अव माथी उल्लेखित क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यान्वयनका लागि बजेट विनियोजन तथा स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

२. कुल बार्षिक प्रस्तावित बजेट रू ३३ करोड ७ लाख १५ हजार ३ सय रूपैयाको अनुमान गरिएको छ । जुन निम्न शिर्षकबाट प्राप्त गरिनेछ । समानीकरण अनुदान संघबाट ७ करोड ४५ लाख, सर्शत अनुदान संघबाट रू ११ करोड २३ लाख, समपुरक अनुदान संघबाट १ करोड , विशेष अनुदान संघबाट ७५ लाख, राजश्व बाँडफाँड सघंबाट ८ करोड २२ लाख ७८ हजार ३ सय र समानीकरण अनुदान प्रदेशबाट ५८ लाख ७१ हजार, विशेष अनुदान प्रदेशबाट रू ५० लाख, समपुरक अनुदान प्रदेशबाट १ करोड ३६ लाख १३ हजार, राजश्व बाँडफाँड प्रदेशबाट १७ लाख २४ हजार तथा गाउँपालिकाबाट आन्तरिक स्रोतबाट ३० लाख ५० हजार र चालु आर्थिक वर्षको अनुमानित अल्या रकम १ करोड ४८ लाख ७९ हजार प्राप्त हुने गरी प्रस्ताव पेश गरेको छु । यसैगरी गाउँपालिकालाई सहयोग गर्ने विकासका साझेदारहरु GIZ, INF, IDS Nepal, फेज नेपाल, पिसवीन, सुआहारा, एच.आर.सी.लगायतका अन्य विकास साझेदारहरु, नीजि क्षेत्र, सहकारी र बैङ्क तथा वित्तिय संस्थासँगको सहकार्यमा हिमालीको समृद्धीको यात्रालाई निरन्तरता दिइनेछ ।

३. अव म आगामी आर्थिक वर्षको राजश्व परिचालनको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

४. हाम्रो गाउँपालिका ठुला तथा साना व्यापार व्यवसाय लगायत राजश्व असुलीको बलियो आधार नभएकाले आन्तरिक आम्दानी ज्यादै न्यून रहेको छ। विविध समस्याका बाबजुत पनि आ.व.२०८०।८१ लाई राजश्व असुलीको वर्षको रूपमा लिई राजश्व संकलनलाई आधार वर्षको रूपमा लिईनेछ।

क) कर तथा गैरकर सम्बन्धी कानूनको तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गरिने,

ख) उत्पादनजन्य तथा रोजगारी सिर्जना गर्ने खालका उद्योग व्यवसायलाई प्रोत्साहन गर्ने,

ग) गाउँपालिकाको संस्थागत विकास, सूचना प्रविधिको प्रयोग, कर शिक्षा तथा सचेतना अभिवृद्धी गर्ने करको दायरामा ल्याउने खालका कृयाकलाप सञ्चालन गर्ने।

५. अव म आगामी आर्थिक वर्ष २०८०।०८१ को राजश्वका दर सम्बन्धी प्रस्ताव र राजश्व सुधारका कार्यक्रम प्रस्तुत गर्न चाहान्छु।

६. वर्तमान अवस्थालाई मध्यनजर गरी करका दरमा बृद्धी नगरी समसामयिक समायोजन गरी दायराको विस्तार गरिएको छ । कृषि तथा पशुपालनजन्य उद्योग व्यवसायमा लगानी गर्ने लगानी कर्तालाई करछुट, नविकरण शुल्क मिनाहा जस्ता व्यवस्थाको प्रवन्ध गरिएको छ ।

७. धुलाचौर बजार क्षेत्र र बाहिरका साना बजारमा करका दरमा न्यायिक रुपमा निर्धारण गरेको छु।

८. सामान्य वर्गका लागि लाग्ने सिफारिस शुल्कमा सहुलियतको व्यवस्था गरिएको छ ।

९. **राजश्व गाउँपालिकाको लागि नभई हाम्रै लागि** भन्ने मान्यता स्थापित गर्न राजश्व सचेनता विकासका लागि धुलाचौर बजार व्यवस्थापन समिति, कोष तथा लेखा नियन्त्रक कार्यालय र घरेलु तथा साना उद्योग कार्यालयसंगको सहकार्यमा कार्यक्रम सञ्चालन गरिनेछ।

१०. आगामी आर्थिक वर्षमा गत वर्षदेखि सञ्चालित क्रमागत योजनाहरुको निर्माण सम्पन्न हुने गरी, निर्माणमा तिव्रता आउने अपेक्षा गरेको छु।

११. विगतका ६ वर्षको अवधीमा तयार गरिएको नीतिगत तथा कार्यक्रमगत जग, संघ र प्रदेश सरकारको मार्गदर्शनमा टेकेर आगामी वर्षको बजेटले समृद्व हिमाली गाउँ खुसी गाउँवासीको सपना साकार पार्न योगदान पुर्‍याउने आशा गरेको छु । यस परिस्थितिमा एकतावद्द भएर अघि बढ्न यस बजेटले सहयोग गर्ने विश्वास लिएको छु । सबै राजनैतिक दलका प्रतिनिधी, विकास साझेदार, सञ्चारकर्मी, नीजि तथा सहकारी संघ संस्था, सुरक्षाकर्मी लगायत सम्पूर्ण गाउँवासीलाई उद्देश्य प्राप्ती तर्फ सिर्जनशील सहयोगको आव्हान गर्दछु।

१२. कार्यक्रमको सफल कार्यान्वयनमा स्थानीय समुदायको ठूलो भूमिका हुने भएकाले स्थानीय समुदायले अपनत्व ग्रहण गरी यसको सफल कार्यान्वयनमा सहयोग पुर्याउने अपेक्षा गरेको छु। प्रस्तावित कार्यक्रमबाट गाउँपालिकाले प्रदान गर्ने सेवा प्रवाहमा गुणात्मक सुधार आई सुशासन वृद्धिमा सहयोग पुग्ने विश्वास लिएको छु।

१३. बजेट तर्जुमा गर्दा मार्गदर्शन प्रदान गर्नुहुने गाउँपालिका अध्यक्षज्यू, कार्यपालिका सदस्यज्यूहरु, विषयगत समितिका संयोजक र सदस्यज्यूहरु, गाउँ सभा सदस्यज्यूहरु,साथै प्रमुख प्रशासकीय अधिकृत ज्यू लगाएत सम्पूर्ण कर्मचारीहरु प्रति आभार व्यक्त गर्दछु ।

१४. क्षेत्रगत रुपमा अमुल्य सुझाव प्रदान गर्नुहुने सरकारी तथा गैरसरकारी निकायका व्यक्तित्व, नागरिक समाज, बजार व्यवस्थापन समिति, करदाता लगायत दिनरात खट्ने कर्मचारीवर्गलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

अन्त्यमा, हिमाली गाउँवासी लगायत समस्त नेपाली दिदीबहिनी तथा दाजुभाइहरुलाई भुकम्प तथा बाढीपहिरो लगाएतका विपतको उच्च जोखिममा रहेको हाम्रो क्षेत्र भिरालो भु-भाग हुनाले वर्षादको समय सुरूवात भैसकेकोले हुनसक्ने सम्भावित जोखिमबाट सुरक्षित रहन सावधानी अपनाउन र आत्मविश्वासका साथ रहन अपील गर्दै हिमालीको विकासमा हातेमालो गर्न आव्हान गर्दछु ।

**धन्यवाद**

राजकला सार्की
उपाध्यक्ष एवं बजेट तथा कार्यक्रम तर्जुमा समिति संयोजक
हिमाली गाउँपालिका बाजुरा।
२०८० असार १० आईतबार